अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्या : २६ मिति : २०८०।०८।२८

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**

**अन्नपूर्ण गाउँपालिकाको बालबालिकासम्बन्धी नीति २०८०**

# अन्नपूर्ण गाउँपालिकाको बालबालिकासम्बन्धी नीति २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०८।२७

# अन्नपूर्ण गाउँपालिकाको

# "बालबालिकासम्बन्धी नीति

# २०८०"


**अन्नपूर्ण गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**


**पोखरेबगर, म्याग्दी**

**गण्डकी प्रदेश, नेपाल**

# म्याग्दी जिल्लाको नक्सा




# अन्नपूर्ण गाउँपालिकाको नक्सा



# अन्नपूर्ण गाउँपालिकाको बालबालिकासम्बन्धी नीति २०८०

## १.प्रस्तावना :

बालबालिकाको सर्वाङ्गीण विकासबाट मात्र गाउँपालिकाको समग्र विकास सम्भव छ भन्ने तथ्यलाई आत्मसाथ गर्दै नेपालको संविधान, २०७२ को भाग ३ को धार ३९ र बालबालिकासम्बन्धी ऐन, २०७५ मा व्यवस्था भए अनुसार बालबालिकाको हक अधिकार संरक्षण गर्न र अन्नपूर्ण गाउँपालिकामा बिकासका गतिविधिहरू बालबालिकालाई केन्द्रमा राखी सबै वडाहरूमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी "अन्नपूर्ण गाउँपालिकाको बालबालिकासम्बन्धी नीति, २०८०" जारी गरिएको छ ।

खण्ड एक

## नाम र परिभाषा

२. यो बालअधिकार सम्बन्धी नीतिको नाम अन्नपूर्ण गाउँपालिकाको बालबालिकासम्बन्धी नीति २०८० रहनेछ । यो गाउँ कार्यपालिकाले अनुमोदन गरेपछि तुरुन्त लागू हुनेछ ।

३. यस बालबालिकासम्बन्धी नीतिमा निम्न शब्दको निम्म्नानुसार परिभाषा गरिएको छ ।

(क) "बालबालिका" भन्नाले १८ वर्षभन्दा कम उमेरका मानवलाई बुझाउँछ

(ख) "बालबालिकासम्बन्धी नीति" भन्नाले अन्नपूर्ण गाउँपालिकाले बनाई लागू गरेको बालबालिकासम्बन्धी नीति २०८० लाई सम्झनु पर्दछ ।

(ग) "कर्मचारी" भन्नाले अन्नपूर्ण गाउँपालिकामा कार्यरत सबै कर्मचारीहरूलाई सम्झनु पर्दछ । यस अन्तरगत अस्थाई, करारमा र स्वयमसेवीका रूपमा कार्यरत कर्मचारीहरू समेत पर्दछन् ।

घ) "बाल कल्याण अधिकारी" भन्नाले बालबालिकासम्बन्धी मुद्दा हेर्न तोकिएको कर्मचारी वा जनप्रतिनिधिलाई बुझिनेछ ।

(ङ) "गुनासो सुनुवाइ कमिटी" भन्नाले गुनासो वा उजुरी सुनेर सम्बोधन गर्नका लागि गठित समितिलाई जनाउँछ । यो शब्दले गाउँपालिकाको गुनासो सम्बोधन तथा व्यवस्थापनका लागि प्रचलित ऐन अनुसार गठन भएका अन्य सोही प्रकृतिका समितिलाई समेत जनाउनेछ ।

(च) "बाल संरक्षण" भन्नाले बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पार्ने खालका कार्य वा व्यवहारबाट उनीहरूलाई जोगाउनु नै बालसंरक्षण हो । बालबालिकालाई उपेक्षा, हिंसा, दुर्व्यवहार, शोषण, बेचविखन, ओसारपसार र यातनाबाट बालबालिकालाई जोगाउनु भनेर पनि बुझिनेछ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्दछ ।

(ज) "स्थानीय तह" भन्नाले नेपालको संविधानले तोके बमोजिमको गाउँपालिका, गाउँपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्दछ ।

(झ) "बालमैत्री स्थानीय शासन" भन्नाले बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता र बालबालिकाको सर्वोतम हितजस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना र पद्धतिलाई सम्झनु पर्दछ ।

(ञ) "बाल समूह" भन्नाले टोल, वडा तथा विद्यालयमा गठित बाल समूहलाई सम्झनु पर्दछ ।

(ट) "वडा बाल समूह सञ्जाल" भन्नाले वडाको टोल तथा विद्यालय स्तरीय गठित वडा बाल समूह सञ्जाललाई सम्झनु पर्दछ ।

(ठ) "गाउँ बाल समूह सञ्जाल" भन्नाले आठ वटा वडा बाल समूह सञ्जालका प्रतिनिधहरूबाट गठित गाउँपालिका स्तरीय बाल समूह सञ्जाललाई सम्झनु पर्दछ ।

(ड) "बाल विवाह" भन्नाले २० वर्ष उमेरसम्मका केटा वा केटीको विवाहलाई सम्झनु पर्दछ ।

(ढ) "शारीरिक शोषण" भन्नाले पिट्नु, पोल्नु, भोकै राख्नु, अपहरण गर्नु आदि शरीरलाई नकारात्मक असर र पीडा हुने गरी गरिएको कार्यलाई सम्झनु पर्दछ ।

(ण) "यौन शोषण" भन्नाले बलात्कार तथा आफूतिर अनावश्यक तरिकाले आकर्षित गर्ने उद्देश्यले गरिएको यौनजन्य कार्यलाई सम्झनु पर्दछ ।

(त) "भावनात्मक शोषण" भन्नाले शर्ममा पार्नु, वास्ता नगर्नु, समय नदिनु, निरुत्साहित पार्नु, भेदभाव गर्नु जस्ता कार्यलाई सम्झनु पर्दछ ।

(थ) "हानिकारक परम्परा" भन्नाले बालबालिकाको अधिकार अस्वीकार गर्ने परम्परादेखि चलिआएको कार्य जस्तैः बाल बिवाह, गर्भपतन, अमर्यादित महिनावारी परम्परा आदिलाई सम्झनु पर्दछ ।

(द) "बालश्रम शोषण" भन्नाले बालबालिकालाई पढ्ने लेख्ने, विकास, संरक्षण र सहभागिताको अवसरबाट वञ्चित गराई उनीहरूको क्षमताभन्दा अधिक मात्रा र समयसम्म काममा लगाउनु, बालबालिकालाई बेचबिखन कार्यमा संलग्न गराउनु, आदिलाई सम्झनु पर्दछ ।

(ध) "अपहरण" भन्नाले कसैले कुनै बालबालिकालाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई, डर, त्राश देखाई, जोरजुलुम गरी, हातहतियार देखाई, छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन कब्जा वा नियन्त्रणमा लिई कुनै ठाउँमा जान बाध्य गराउन वा कुनै बालबालिकालाई निजको मञ्जुरीबिना वा बाबुआमा वा संरक्षकको मञ्जुरीबिना कुनै ठाउँमा लैजाने कार्यलाई मानिनेछ ।

(न) “संरक्षण प्रणाली” भन्नाले बालबालिकामाथि भएका दुर्व्यवहार तथा हिंसाको सुनुवाइदेखि लिएर कारवाही चलाउने सम्बन्धमा स्थापित संयन्त्र वा कार्यप्रणालीलाई बुझिन्छ ।

(प) “मापदण्ड” भन्नाले कार्यस्थलमा बालबालिकाको सरक्षण गर्ने उद्देश्यले बनाइएको आचार संहिता वा कार्य मापदण्डलाई बुझिन्छ ।

## ३.१ बालबालिकासम्बन्धी नीतिको लक्ष्य र उद्देश्य

**३.१.१ लक्ष्य :** अन्नपूर्ण गाउँपालिकाका बालबालिकाको अधिकार सुनिश्चित गरी स्वस्थ र पूर्ण मानवीय बिकासको प्रत्याभूति गर्ने ।

३.१.२ यस नीतिका निम्नानुसार उद्देश्यहरू रहेका छन् :

३.१.२.१ बालबालिकाको सुरक्षित भई बाँच्न पाउने हकको प्रवर्द्धन गर्ने

३.१.२.२ सबै किसिमका शारीरिक, मानसिक, हिंसा, दुर्व्यवहार, क्षति, उपेक्षा, शोषण, यौन दुर्व्यवहारबाट बालकालिकालाई संरक्षण प्रदान गर्ने ।

३.१.२.३ बाल अधिकारका सवालहरूको पहिचान, रोकथाम र सम्बोधनका लागि गाउँपालिका स्तरीय नीतिगत मार्गनिर्देश गर्ने ।

३.१.२.४ बाल विकास सम्बन्धी हकको प्रबर्द्धन गर्ने ।

३.१.२.५ बालबालिकासम्बन्धी आधारभूत सेवा प्रवाह र योजना तर्जुमा सम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण बाल सहभागिता प्रवर्द्धन गर्ने ।

३.१.२.६ बालबालिकालाई समावेसी, आदरपूर्ण भाव र समताको आधारमा अवसर प्रदान गर्ने ।

३.१.२.७ बालसंरक्षणमा खतरा पार्ने किसिमको काम कारवाही जनप्रतिनिधि, कर्मचारी, साझेदार वा आगन्तुक जोकोहीले गरे पनि तिनलाई व्यवस्थित सुनुवाइ प्रक्रियाबाट कारवाही गरी पीडितलाई न्याय दिने ।

**३.२ यससँग सम्बन्धित कागजातहरू :** यो बालबालिकासम्बन्धी नीति बालअधिकार महासन्धि १९८९, नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा बालबालिकासम्बन्धी ऐन २०७५ ले प्रदान गरेका बालबालिकाका अधिकारहरू प्रत्याभूति गर्नका लागि बालबालिकासम्बन्धी नीति २०७६ निर्माण गरी लागू गरिएको हो । यो नीति लागू गर्नका लागि बनाइएका वा यसपछि बनाइने मापदण्ड (आचार संहिता) तथा कार्यविधि र निर्देशनहरू यही नीतिको अङ्गका रूपमा रहनेछन् ।

**३.३ लागू हुने क्षेत्र :** यो अन्नपूर्ण गाउँपालिकाको बालबालिकासम्बन्धी नीति २०८० यस गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, स्वयम सेवक, सेवाग्राही, अगान्तुकहरू र यस गाउँपालिकासँग अल्पकालीन तथा दीर्घकालीन करार गरी काम गर्ने व्यक्ति, संस्था र संगठनहरूका साथै गाउँपालिकाका सम्पूर्ण बासिन्दामा लागू हुनेछ । त्यसैगरी यस गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरू, मदरसाहरू, बालगृह वा बालसंरक्षण गृहहरूले यही वा यस्तै किसिमको बालबालिकासम्बन्धी नीति तथा मापदण्ड बनाई लागू गर्न सक्नेछन् ।

**३.४ सिद्धान्तहरू :** यो बालअधिकार सम्बन्धी नीति निम्न सिद्धान्तमा आधारित भई कार्यान्वयनमा हुनेछ:

१. बालबालिकाको सर्वोत्तम हितको सिद्धान्त

२. बालबालिकलाई कुनै पनि किसिमको भेदभाव वा हानीबाट संरक्षण प्रदान गर्ने सिद्धान्त

३. बाल संरक्षणको जोखिम न्यूनीकरणको सिद्धान्त

४. बालबालिका माथिका दुर्व्यवहार र हिंसाकर्ताउपर शून्य सहनशीलताको सिद्धान्त

## खण्ड दुई

## बाल अधिकार सम्बन्धमा अन्नपूर्ण गाउँपालिकाको विगतको प्रयास र हालको अवस्था

### ४. प्रयास र अवस्था

#### ४.१ गाउँपालिकाले हालसम्म गरेका प्रयासहरु

नेपाल सरकारले नेपालको संविधानमा बालबालिकाको हकलाई मौलिक हकको रुपमा समावेश गर्नुका साथै बालबालिका सम्बन्धी नीति २०७५ तर्जुमा गरी कार्यान्वयनमा ल्याएपश्चात् स्थानीय तहको योजना निर्माण प्रक्रियामा बालबालिकाको सहभागितालाई समेत प्राथमिकतामा राख्दै आइरहेको छ । नेपालले बाल अधिकार महासन्धिमा पक्ष राष्ट्रको रुपमा हस्ताक्षर गरी आफ्नो प्रतिवद्धता व्यक्त गरेसँगै बाल अधिकारको संरक्षण, सम्वर्द्धन र सुनिश्चितता गर्नु हामी सबैको दायित्वको रुपमा आएको छ ।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनका साथै अन्य राष्ट्रिय नीतिहरुले बाल अधिकारको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र सुनिश्चितताको प्रमुख दायित्व स्थानीय सरकारलाई दिएपश्चात् नै अन्नपूर्ण गाउँपालिकाले बाल अधिकार प्रवर्द्धनका लागि संस्थागत सुनिश्चितता गर्न क्रियाशील रहेको छ ।

यस क्रममा गाउँपालिकाभित्र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको स्थापना गर्नुका साथै आवश्यक मानव संसाधन व्यवस्थापन गरेको छ। यसैगरी, बाल कल्याण अधिकारी तोक्नुका साथै गाउँपालिका तहमा बालमैत्री स्थानीय शासन गाउँपालिका समिति गठन गरिएको छ।

सम्पूर्ण वडाहरुमा बालमैत्री स्थानीय शासन सञ्चालनका लागि वडा तहका सरोकारवालाहरुको अभिमुखीकरण पश्चात् बालमैत्री स्थानीय शासन वडा समिति गठन गरी अल्पकालीन योजना तयार गरिएको छ। यसमध्ये तीन वडाहरुमा गत आर्थिक वर्षमा नै बालमैत्री स्थानीय शासन वडा समिति गठन गरिएको थियो भने बाँकी पाँच वडाहरुमा यसै आर्थिक वर्षको पहिलो त्रैमासिकमा नै अभिमुखीकरणपश्चात् वडा समिति गठन गरिएको हो।

सूचकमा आधारित भएर बाल अधिकारको अवस्थाको लेखाजोखा तथा सर्वेक्षणका लागि घरायसी तहमा सर्वेक्षण गर्नका लागि अनलाइन फाराम तयार गर्नुका साथै संस्थागत र अन्य सूचकका लागि जाँच सूची समेत तयार गरी सर्वेक्षणको कार्य भैरहेको छ।

आर्थिक वर्ष २०८०/०८१ को कार्तिक महिनाभित्रै सर्वेक्षण सम्पन्न गरी वडा बाल प्रोफाइल र गाउँपालिका बाल प्रोफाइल तयार गरी ग्याप विश्लेषणको आधारमा बालमैत्री स्थानीय शासन सुनिश्चित गर्नका लागि गर्नुपर्ने क्रियाकलाप समेटी विस्तृत कार्यान्वयन योजना तयार गरी कार्यान्वयनमा ल्याउने योजना रहेको छ, जसका लागि आवश्यकता अनुसार विज्ञ सहजकर्ताहरुको सहयोग समेत लिइएको छ।

यसैगरी, चालु आर्थिक वर्षको दोस्रो चौमासिकभित्रै बालमैत्री स्थानीय शासन सुनिश्चित गर्नका लागि आवश्यक नीति, ऐन, कानुन, कार्यविधि, निर्देशिका, मार्गदर्शन र आचारसंहिता तयार गरी कार्यान्वयनमा ल्याइने छ।

गाउँपालिकाको वार्षिक विकास योजनामा बालमैत्री स्थानीय शासन प्रवर्द्धनलाई समावेश गरिएको छ भने प्रदेश र संघीय सरकारसँग समेत आवश्यक श्रोत सुनिश्चितता र सहयोगका लागि समन्वय भइरहेको छ।


चालु आर्थिक वर्षलाई बालमैत्री स्थानीय शासन सुनिश्चितताका लागि आधार वर्षको रुपमा लिंदै आवश्यक सम्पूर्ण क्रियाकलाप सञ्चालन गर्ने र आगामी आर्थिक वर्षमा सूचक पूरा गर्दै घोषणाको अभियानलाई तीव्रता दिने योजना गाउँपालिकाको रहेको छ।

## ४.२ हालको अवस्था

राष्ट्रिय जनगणना २०७९ अनुसार यस गाउँपालिकाको कूल जनसंख्यष १२ हजार ३ सय २३ रहेको छ, जसमध्ये ४९.४ प्रतिशत पुरुष र ५०.६ प्रतिशत महिला रहेका छन्। कूल परिवार संख्या ३ हजार ६ सय रहेको छ।

यस गाउँपालिकाको कूल साक्षरता दर ७९.२ प्रतिशत रहेको छ, जसमा पुरुषको साक्षरता दर ८५.८ प्रतिशत र महिलाको साक्षरता दर ७२.२ प्रतिशत रहेको छ ।


कूल पुरुष जनसंख्याको १४.७ प्रतिशत १९ वर्षभन्दा कम उमेरका बालक रहेका छन् भने सो उमेर समूहका बालिकाको संख्या १३.४ प्रतिशत रहेको छ । यसरी हेर्दा, कूल जनसंख्यामा महिलाको संख्या बढी भए पनि १९ वर्षसम्मको जनसंख्या महिलाको तुलनामा पुरुषको एक प्रतिशतभन्दा बढी रहेको देखिन्छ, जुन तलको रेखाचित्रमा देखाइएको छ :




पुरुषमा जनसंख्याको सबैभन्दा ठूलो हिस्सा १५ देखि १९ वर्ष समूहको रहेको छ भने महिलामा २० देखि २४ र २५ देखि २९ मा रहेको छ । पछिल्लो समय कम सन्तान जन्माउने र महिलाको जन्म नै कम हुने गरेको तथ्यांकले देखाउँछ । कम सन्तान जन्माउँदा छोरा नै जन्माउन चाहने प्रचलनबाट यस गाउँपालिका समेत अछुतो रहन सकेको छैन । यस गाउँपालिकाको जनसंख्याको ठूलो हिस्सा गाउँपालिकाभन्दा बाहिर बसोबास गर्ने भएकोले उनीहरुको समग्र अवस्था र अभ्यासका बारेमा गाउँपालिका अद्यावधिक हुन कठिन रहेको छ ।

वडागत रुपमा हेर्दा सबैभन्दा धेरै जनसंख्या वडा नं. ६ को रहेको छ । गाउँपालिका क्षेत्रभित्र कूल जनसंख्यामध्ये ३०.९ प्रतिशत विवाहित रहेका छन् । यसमध्ये पनि पुरुष ३६.४ प्रतिशत पुरुष रहेका छन् भने महिलाको संख्या २५.६ प्रसितशत रहेको छ ।

कूल जनसंख्यामध्ये ६०.७ प्रतिशत विवाहित रहेकोमा यो संख्या पुरुषको ५८.५ प्रतिशत र महिलाको ६२.९ प्रतिशत रहेको छ । पहिलो पटक विवाह गर्दाको उमेर पुरुषको तुलनामा महिलाको कम रहेको छ ।




सबैभन्दा धेरै महिलाको औसत विवाह गर्ने उमेर १८ देखि २० वर्ष रहेको छ भने पुरुषको २० देखि २४ वर्ष रहेको छ । महिलाको औसत विवाह गर्ने उमेर बालमैत्री स्थानीय शासन सुनिश्चितताका लागि एक मुख्य चुनौतिको रुपमा रहेकोक छ । मागी विवाह गर्दा २० वर्षभन्दा कम उमेरमा विवाह गर्ने प्रचलन र अभ्यास ज्यादै न्यून रहे पनि भागी विवाह गर्दा १८ वर्षभित्रैका (पुरुषको तुलनामा महिला बढी) को समेत विवाह हुने गरेको भेटिन्छ, जसलाई पूर्ण रुपमा नियन्त्रण गर्न विद्यालय तहदेखि नै एकीकृत प्रयास आवश्यक पर्दछ ।

यस गाउँपालिकामा महिलाको तुलनामा पुरुषमा अपांगता बढी रहेको छ । कूल जनसंख्याको ६.५ प्रतिशतमा कुनै न कुनै प्रकारको अपांगता रहेकोमा महिलाहरुमध्ये ६.१ प्रतिशत र पुरुषमा ६.९ प्रतिशत रहेको छ । अपांगता भएकामध्ये शारीरिक अपांगता भएका र बहिरोपन भएका सबैभन्दा बढी छन् । बहुअपांगता भएका व्यक्तिको संख्या कूल अपांगता भएकाहरुमध्ये ७.६ प्रतिशत रहेको छ, जसमा

बालबालिका समेत पर्दछन् । उनीहरुलाई अपांगतामैत्री सुविधाको सुनिश्चितता गर्नु अर्को महत्वपूर्ण पक्ष रहेको छ ।

माथि नै उल्लेख गरिएको छ कि यहाँको जनसंख्याको ठूलो हिस्सा गाउँपालिकाबाहिर बस्ने र आवश्यकता पर्दा मात्र वडामा आएर जन्म दर्ता गर्ने बानीका कारण करिब ४० प्रतिशत बालबालिका पाँच वर्ष पुग्दा समेत जन्म दर्ता हुन नसकेको देखिन्छ ।

बालबालिका मध्ये ७५.१ प्रतिशत आमा र बाबु दुबैसँग बसोबास गर्दछन् । उनीहरुको बाल बचाउ, संरक्षण र विकासको अधिकारको सुनिश्चितता गर्नु तुलनात्मक रुपमा सहज हुन जान्छ । तर, १७.५ प्रतिशत बालबालिका आमासँगमात्र बसोबास गर्दछन् भने ३.८ प्रतिशत अन्य नातेदारसँग बसोबास गर्दछन् । उनीहरुका सबै अधिकारको सुनिश्चितताका लागि निरन्तर सहजीकरणको आवश्यकता पर्दछ ।

## ५.बाल अधिकारका सवाल, चुनौती तथा अबसरहरू

### ५.१ सवाल र चुनौतीहरू

(क) बाल विवाह (प्रेम विवाह वा भागी विवाहको रुपमा) पूर्ण रूपमा न्यूनीकरण हुन नसकेको

ख) बालश्रम पूर्ण रूपमा न्यूनीकरण हुन नसकेको, पालिकाभित्रका बालबालिका बालश्रममा आवद्ध हुने दर ज्यादै नगन्य भए पनि मौसमी श्रमिकको रुपमा आउने अभिभावकसँगै आउने बालबालिका समेत श्रममा आवद्ध हुने गरेका

(ग) बालमैत्री स्थानीय शासन सुनिश्चितताका लागि आवश्यक साझेदारको कमी

(घ) बालबालिकाप्रति वयस्कहरू पू0र् रुपमा जिम्मेवार नरहेको

(ङ) बालबालिकाका सवाल समेट्ने प्रयास भए पनि आवश्यकता पहिचान र योजना तर्जुमाको क्रममा बाल भेला गरी सुझाव संकलन गर्ने कार्य हुन नसकेको

(च) गाउँपालिकाको प्रत्येक वडाहरूमा बालमैत्री अभिमुखीकरणहरू भए पनि अभिभावकसम्म अभिमुखीकरण र निरन्तर परिचालनको कार्य थालनी गर्न नसकिएको

(छ) भौतिक विकास निर्माणलाई बालमैत्री अवधारणसँग जोड्न नसकिएको

(ज) भौगोलिक जटिलताका कारण निर्माण हुने भौतिक पूर्वाधार, संरचना तथा सुविधाहरु अपांगमैत्री हुन नसकेका

(झ) पुराना विद्यालय भवनहरु तथा अन्य कार्यालयहरु अपांगमैत्री हुन नसकेका, स्तरोन्नतिका लागि अतिरिक्त आर्थिक लगानी आवश्यक भएको

(ञ) गाउँघरमा गाँजा/भाङ सहजै पाइने भएकोले किशोरहरुमा गाँजाको दुर्व्यसन बढ्दो

(ट) आपतकालीन बाल कोष स्थापना र सञ्चालन हुन नसकेको

(ठ) समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापना नभएको

(ड) बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित नभएको

(ढ) गाउँपालिकाभित्रको ठूलो जनसंख्या गाउँपालिका क्षेत्रभन्दा बाहिर अस्थायी बसोबास गर्ने भएकोले उनीहरुको समयमा नै जन्मदर्ता गर्ने कार्य प्रभावकारी हुन नसकेको

(ण) सामुदायिक तथा संस्थागत विद्यालयमा बालबालिकामाथि कुनै पनि हिंसा, दुर्व्यवहार तथा यातना नदिने गरेको कुरा सुनिश्चित हुन नसकेको

(त) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतामा तारा पद्धति लागू गरी कार्यान्वयनमा आइनसकेको

(थ) आधारभूत शिक्षापश्चात् निरन्तर शिक्षामा नरहेका बालबालिकाका लागि जीवनोपयोगी सीपको नियमित अभ्यास नभएको

## खण्ड तीन

## नीतिको आवश्यकता, नीति, रणनीति र कार्यनीतिहरू

### ६. नीतिको आवश्यकता

बालबालिकाका लागि अनुकूल स्थानीय तह बनाउने तथा बालबालिकाको विरुद्ध हुनसक्ने हानीहरूबाट सुरक्षित हुने अवस्था सिर्जना गर्नका लागि स्थानीय सरकारको रूपमा काम गरिरहेको अन्नपूर्ण गाउँपालिकाले बालबालिकालाई केन्द्र भागमा राखी काम गर्नका लागि बालबालिकासम्बन्धी नीति बनाई लागू गरिएको हो । यसबाट आगामी दिनमा आवश्यक निर्देशिका वा मापदण्ड बनाई लागू गर्ने आधार खडा हुनेछ । यो अन्नपूर्ण गाउँपालिकाभित्र बालबालिका सम्बन्धी मूल नीतिका रूपमा रहने छ । साथै, यसले गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरू, मदरसाहरू, बालगृहहरूले यसलाई मूल नीति मानेर आफ्नै बाल अधिकार सम्बन्धी नीति तथा मापदण्ड बनाई लागू गर्न आधार प्रदान गर्नेछ ।

**७.नीतिहरू :** बाल अधिकारका लक्ष्य र उद्देश्य पूरा गर्न, चुनौतीलाई सम्बोधन तथा अवसर लिन निम्न नीति, रणनीति र सोही अनुसारका कार्यनीतिहरू अवलम्बन गरिनेछन् :

**७.१ बाल बचाउ सम्बन्धी नीतिहरू :**

**नीति नं. १ : छ महिनासम्मको शिशुलाई आमाले पूर्ण स्तनपान गराएको (आमाको दूध मात्रै खुवाएको) हुनुपर्ने छ ।**

**७.१.१ रणनीति :**

१. छ महिनादेखि एक वर्षसम्मको सुत्केरी आमाको संख्याको अभिलेख तयारी तथा अद्यावधिक गर्ने

२. जन्मिएको एक घण्टाभित्र आमाको दूध (विगौती) खाएको नवजात शिशुको अभिलेख तयारी तथा अद्यावधिक गर्ने

३. छ महिनासम्म आमाको दूध मात्र खाएको शिशुको अभिलेख तयारी तथा अद्यावधिक गर्ने ।

**७.१.२ कार्यनीतिहरू :**

१. महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मी मार्फत टोल टोलमा गर्भवती र सुत्केरीहरूसँग प्रारम्भिक बाल विकासको बारेमा अन्तरक्रिया गर्ने

२. महिला स्वास्थ्य स्वंयसेविका र स्वास्थ्यकर्मीद्वारा गर्भवती तथा सुत्केरी आमाहरूको अनुगमन गर्ने

३. आमा समूह तथा महिला सहकारीहरूको बैठकमा प्रारम्भिक बालविकासको बारेमा अन्तरक्रिया गर्ने

४. महिला स्वास्थ्य स्वयंसेविका मार्फत नियमित रूपमा रिपोर्टिङ्गको संयन्त्रको सञ्जाल विकास गर्ने

५. गर्भवती अवस्थामा पोषिलो खाना खाँदा हुने फाइदा र नखाँदा हुने बेफाइदाको बारेमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने

६. सीमान्तकृत परिवारका गर्भवतीहरूका लागि पोषणयुक्त खाना व्यवस्थापन गर्ने

७. पोषिलो खाना बनाउने तरिकाहरूको बारेमा सचेतना कार्यक्रमहरू गर्ने ।

**नीति नं. २ : पाँच वर्षमुनिका बालबालिकालाई दिइने खोप (बिसिजि, डिपिटी, हेपाटाइटिस बी, पोलियो, दादुरा) पूरा गरी घोषित पूर्ण खोपलाई निरन्तरता दिने नीति अवलम्बन गरिने छ ।**

**२.१ रणनीति :**

१. तेइस महिनासम्मका बालबालिकाको संख्याको अभिलेख नियमित रूपमा अद्यावधिक गर्ने

२. खोप पाउने सम्पूर्ण बालबालिकाको खोप कार्डको व्यवस्थालाई थप व्यवस्थित र अनिवार्य गर्ने ।

३. खोप रजिस्टरमा खोप लगाएको विवरणको अभिलेख नियमित रूपमा अद्यावधिक भएको हुने

**२.२ कार्यनीति :**

१. महिला स्वास्थ्य स्वयंसेविकाहरू मार्फत आवश्यक तथ्याङ्क अद्यावधिक गर्ने ।

२. पूर्ण खोपको निरन्तरताकोलागि प्रत्येक वर्ष चैत्र मसान्तभित्र खोपको बारेमा प्रचारप्रसार ( माइकिङ्ग, रेडियो सन्देश) गर्ने ।

३. खोपमा भाग नलिने घर परिवारलाई पत्राचार गरी पहिलो पटक सचेत गराउने र पटक पटक अटेर गरी बसेको भेटिएमा कानुन अनुसार गाउँपालिकाको सेवा सुविधावाट बञ्चित गर्ने ।

**नीति नं.३ : छ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको दुई पटक भिटामिन ए क्याप्सुल र १ देखि ५ वर्ष सम्मका बालबालिकालाई जुकाको औषधी खुवाएको हुनुपर्नेछ ।**

**३.१ रणनीति :**

१. ६ महिना देखि ५ वर्षसम्मका बालबालिकाको संख्याको अभिलेख नियमित रूपमा अद्यावधिक गर्ने ।

२. भिटामिन ए क्याप्सुल र जुकाको औषधी पाउने सम्पूर्ण बालबालिकाको खोप कार्डलाई थप व्यवस्थित र अनिवार्य गर्ने ।

३. रजिस्टरमा भिटामिन ए क्याप्सुल र जुकाको ओषधी खाएको विवरणको अभिलेख नियमित रूपमा अद्यावधिक गर्ने ।

**३.२ कार्यनीति :**

१. महिला स्वास्थ्य स्वयंसेविकाहरू मार्फत आवश्यक तथ्याङ्क अद्यावधिक गर्ने ।

२. पूर्ण खोपको निरन्तरताको लागि प्रत्येक वर्ष चैत्र मसान्तभित्र खोपका बारेमा प्रचार प्रसार ( माइकिङ्ग, रेडियो सन्देश, घरदैलो) गर्ने ।

३. खोपमा भाग नलिने घर परिवारलाई पत्राचार गरी पहिलो पटकलाई सचेत गराउने तथा पटक पटक अटेर गरी बसेको भेटिएमा गाउँपालिकाको सेवा सुविधाबाट बञ्चित गर्ने ।

४. पाँच बर्षमुनिका बालबालिकाको पाखुराको नाप लिई स्वास्थ्य शाखामा पठाउने ।

**नीति नं.४ : गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको हुनेछ।**

**४.१ रणनीति :**

१. गर्भवतीहरूको संख्याको अभिलेख नियमित रूपमा अध्याबधिक गर्ने ।

२. प्रसुती केन्द्रको व्यवस्थापन गर्ने ।

३. स्वास्थ्य संस्थामा दक्ष स्वास्थ्यकर्मीसँग सुत्केरी भएको विवरणको अभिलेख नियमित रूपमा अद्यावधिक भएको हुने ।

**४.२ कार्यनीति :**

१. महिला स्वास्थ्य स्वयंसेविकाहरू मार्फत आवश्यक तथ्याङ्क अद्यावधिक गर्ने ।

२. प्रसूती केन्द्रमा सुत्केरी गराए वापत पाउने फाइदाहरूको बारेमा अन्तरक्रिया, सचेतना तथा प्रचार प्रसार ( माइकिङ्ग, रेडियो सन्देश, घरदैलो) गर्ने ।

३. प्रसूति केन्द्रमा सुत्केरी गराए वापत न्यानो झोला र पोषण खर्च तोकी उपलव्ध गराउने ।

४. सुनौलो हजार दिनको कार्यक्रम सञ्चालन गर्ने ।

५. गर्भवती रहेको घर परिवारलाई पत्राचार गरी अग्रिम रूपमा सेवा सुविधाको बारेमा सचेत गराउने । यदि अटेर गरी बसेको भेटिएमा गाउँपालिकाको सेवा सुविधाबाट वञ्चित गर्ने ।

**नीति नं. ५ : हरेक गर्भवती महिलाहरूले गर्नुपर्ने जाँच र टिटानस विरुद्धको खोप पूरा गरेको सुनिश्चित गर्ने ।**

**५.१ रणनीति :**

१. गर्भवतीहरूको संख्याको अभिलेख नियमित रूपमा अद्यावधिक गर्ने ।

२. प्रसूति पूर्व चार पटक गर्भ जाँच र प्रसुतीपश्चात् कम्तीमा चार पटक स्वास्थ्य जाँच गराएको कार्ड भएको अभिलेख नियमित रूपमा अद्यावधिक गर्ने ।

३. आमा र नवजात शिशुको स्वास्थ्य जाँच गराउने सुत्केरीको अभिलेख नियमित रूपमा अद्यावधिक गर्ने ।

४. स्वास्थ्य संस्थामा दक्ष स्वास्थ्यकर्मीले सुत्केरी भएको विवरण अभिलेख गर्ने

५. दक्ष स्वास्थ्यकर्मीसँग टिटानसविरुद्ध दुई वटा खोप लगाएको विवरणको अभिलेख नियमित रूपमा अद्यावधिक गर्ने ।

**५.२ कार्यनीति :**

१. प्रसूती केन्द्रको व्यवस्थापन गर्ने

२. प्रसूती केन्द्रमा खोप लगाउँदा र स्वास्थ्य जाँच गराउँदा र गर्भवती महिलाले टिटानस विरुद्ध सुई लगाए वापत पाउने फाइदाहरूको बारेमा अन्तरक्रिया, सचेतना तथा प्रचार प्रसार ( माइकिङ्ग, रेडियो सन्देश र अन्तरक्रिया) गर्ने

३. महिला स्वास्थ्य स्वयंसेविकाहरू मार्फत आवश्यक तथ्याङ्क अद्यावधिक गर्ने

४. भर्गवती महिलाले टिटानस विरुद्ध सुई लगाए वापत पाउने सुविधा तोकी उपलब्ध गराउने

५. बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गर्ने

६. गर्भवती रहेको घर परिवारलाई पत्राचार गरी अग्रिम रूपमा सेवा सुविधाको बारेमा सचेत गराउने । यदि अटेर गरी बसेको भेटिएमा गाउँपालिकाको सेवा सुविधाबाट वञ्चित गर्ने ।

**नीति नं. ६ : एच.आई.भी. संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकालाई** ARV Prophylaxis **दिइने छ ।**

**६.१ रणनीति :**

१. एच्.आई भी संक्रमित आमाको संख्याको अभिलेख भएको गरिने छ

२. एच.आई.भी. संक्रमित आमाबाट जन्मिएको बालबालिकाको संख्याको अभिलेख भएको हुनुपर्ने

३. ए.आर.भी प्रोफाइल ल्याक्सिस लिने बालबालिका संख्याको अभिलेख भएको हुने ।

**६.२ कार्यनीति :**

१. पी.एम.सि.टी किटको आवश्यक मात्रामा व्यवस्था गर्ने र सहज रूपमा उपलब्ध गराउने ।

२. महिला स्वास्थ्य स्वयम्सेविकालाई HIV बारे क्षमता विकास तालिम दिने ।

३. महिला स्वास्थ्य स्वयंसेविका मार्फत टोल, टोलमा HIV बारे सचेतना जगाउने ।

**नीति नं.७ : गाउँपालिका भित्रका सबै घरधुरीमा शुद्ध खानेपानीको व्यवस्था मिलाउने**

**७.१ रणनीति :**

१. प्रत्येक घरधुरीलाई पिउनयोग्य पानीको पहुँचमा पुर्‍याउने

२. पानीको शुद्धीकरणको लागि पानी जाँचको व्यवस्था मिलाउने ।

**७.२ कार्यनीती :**

१. खानेपानीको मुहान संरक्षण र सरसफाई कार्यक्रमहरू सञ्चालन गर्ने

२. सबै प्रणालीको पानी कम्तिमा वर्षको दुई पटक परीक्षण गर्ने व्यवस्था मिलाउने

३. पानी शुद्धीकरणका घरेलु उपायहरूका बारेमा टोल टोल र विद्यालयहरूमा अभिमुखीकरण गर्ने

४. खानेपानी आयोजनाहरुको स्तरोन्नति गरी प्रशोधन प्रणाली जडान गर्ने

५. खानेपानीको धारा बालमैत्री बनाउने ।

**नीति नं. ८ सबै घरमा शौचालयको नियमिति प्रयोग भई साबुन पानीले हात धुने (तीन अघि र तीन पछि) परिपाटी विकास गर्ने ।**

**८.१ रणनीति :**

१. शौचालय भएको घरधुरी संख्याको अद्यावधिक भएको अभिलेख राष्ट्रिय सूचना प्रणाली (एनवास) मा अद्यावधिक गरिने छ ।

२. शौचालयमा साबुन पानीको व्यवस्था भएको घरधुरीको अद्यावधिक अभिलेख राखिनेछ ।

३. सबै विद्यालयमा छात्रछात्राको लागि साबुनपानी सहितको छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिने छ ।

**८.२ कार्यनीति :**

१. विद्यालय र वस्ती स्तरीय हातधुने र आनीबानी परिवर्तनसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

२. विद्यालय तथा संस्थागत शौचालय प्रयोगकर्तामैत्री बनाउने

३. विद्यालय तथा समुदायस्तरका बाल क्लब एवम् बाल सञ्जालमार्फत जोखिमपूर्ण साबुन पानीले हात धुने वानी बसाल्नका लागि परिचालन अभियान सञ्चालन गर्ने

४. विश्व हात धुने दिवस, राष्ट्रिय सरसफाइ सप्ताह लगायतका दिवसहरु नागरिक सहभागितामा मनाउने

५. घरधुरीमा जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने लगायतका पूर्ण सरसफाइका सूचक पूरा भए नभएको नियमित अनुगमन गरी अद्यावधिक गर्ने

**नीति नं. ९. सुरक्षित मातृत्वको सुनिश्चता गर्ने :**

**९.१ रणनीति :**

१. गर्भावस्थाको पोषण र आवश्यक खोपको व्यवस्थापन

२. सुरक्षित सुत्केरी गराउने व्यवस्था गराउने

३. नवजात शिशुको खोप तथा स्तनपान गराउने आमाको पोषण र स्वास्थ्य परीक्षणको प्रबन्ध गर्ने ।

४. उपयुक्त पारिवारिक वातावरण सृजना गरी पुरुषको भूमिका जिम्मेवार बनाउने ।

**९.२ कार्यनीति**

१. गर्भवती भएको घर परिवारलाई लक्षित गरी सचेतना अभियान सञ्चालन गर्ने ।

२. नयाँ दम्पतिलाई प्रारम्भिक बाल विकासको तालिम दिने ।

## बाल संरक्षण सम्बन्धी नीतिहरू :

**नीति नं. १० सबै बालबालिकाको जन्मदर्ता सुनिश्चित गर्ने ।**

**१०.१ रणनीति :**

१. पाँच वर्षमुनिका बालबालिकाको अद्यावधिक संख्याको अभिलेख राखेको हुने ।

२. जन्मदर्ता निःशुल्क गर्ने ।

३. विद्यालय भर्नामा जन्मदर्ता अनिवार्य गर्ने ।

**१०.२ कार्यनीति :**

१. वडा कार्यालयमा नियमित रूपमा जन्मदर्ता गर्ने कार्यलाई निरन्तरता दिइने ।

२. टोल स्तरीय जन्मदर्ता अभियान र सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

३. बाल समूह मार्फत घरदैलो कार्यक्रम सञ्चालन गर्ने ।

४. विशेष परिस्थितिमा रहेका बालबालिकाको वैकल्पिक माध्यमबाट जन्मदर्ता गर्ने ।

**नीति नं. ११ बाल विवाहमुक्त गाउँपालिका घोषणा गर्ने ।**

**११.१ रणनीति :**

१. आधार वर्षमा विवाह भएको संख्याको अद्यावधिक अभिलेख भएको हुने ।

२. १९ र २० वर्षको उमेरमा विवाह भएको संख्याको अद्यावधिक अभिलेख भएको हुने ।

३. १८ वर्षमुनिको उमेरमा विवाह भएको तथ्याङ्क अद्यावधिक अभिलेख भएको हुनेछ ।

४. बाल विवाह शून्य अभियानको थालनी भई निरन्तर रहेको हुनेछ ।

**११.२ कार्यनीति :**

१. बालविवाहको गणना गर्ने ।

२. समुदायमा बालमैत्री सम्पर्क शिक्षकलाई बालविवाहको बारेमा तालिम दिई शून्य बालविवाहका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने

३. बाल विवाह फौजदारी अपराध भएको विषयलाई सुरक्षा निकायसँगको सहकार्यमा अभियान सञ्चालन गर्ने

४. बाल विवाहमुक्त टोल, वडा र गाउँपालिका घोषणा गर्ने

**नीति नं. १२ बालश्रम मुक्त गाउँपालिका घोषणा गर्ने नीति अवलम्बन गर्ने**

**१२.१ रणनीति :**

१. १० देखि १८ वर्षका बालबालिका संख्याको तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने

२. १४ वर्षभन्दा कम उमेरमा बालश्रममा रहेका बालबालिकाको संख्याको अद्यावधिक तथ्याङ्क राख्ने

३. बालश्रमिक पुनर्स्थापनाको योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

४. बालश्रम, बाल कार्य र जोखिमपूर्ण तथा निकृष्ठ श्रमको बारेमा अभिभावक तथा व्यवसायीहरू (संचालकहरू) लाई सचेत गराउने ।

**१२.२ कार्यनीति :**

१. निकृष्ट बालश्रममा रहेका बालबालिकाको तुरुन्त उद्धार र पुनःस्थापना गर्ने

२. बालश्रम सम्बन्धी बाल समूह, बाल समूह सञ्जाल, आमा समूह, महिला समूहसँग अन्तरक्रिया गर्ने ।

३. बाल श्रम निषेधसँग सम्बन्धित स्थानीय ऐन कानुन निर्माण गरी कार्यान्वयनमा ल्याउने

४. सडक निर्माण, होटल, अन्य निर्माण व्यवसाय लगायतका क्षेत्रमा शून्य बालश्रम सुनिश्चित गर्नका लागि प्रवर्द्धनात्मक र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

५. असहाय अनाथ बालश्रमिक पुनर्स्थापना कार्ययोजना तयार गरी लागू गर्ने ।

६. बालश्रम हुने सम्भावित स्थानहरूको नियमित अनुगमन गर्ने ।

७. बालश्रम, बाल कार्य र जोखिमपूर्ण कार्यको बारेमा अभिभावक सचेतीकरण कार्यक्रम गर्ने ।

**नीति १३ : घर परिवार र समुदायबाट बालबालिकाविरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा न्यूनीकरण गर्ने ।**

**१३.१ रणनीति :**

१. बालबालिका विरुद्ध हुने हिंसाको तथ्याङ्क संकलन गर्नेर अभिलेख गर्ने

२. बालबालिका विरुद्ध हुने हिंसा विरुद्ध कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने

३.बाल हेल्पलाइन स्थापना गर्ने

४. लागूपदार्थको दुरूपयोगबारे सचेतना जगाउने

**१३.२ कार्यनीति :**

१. बहुसरोकारवालाको गाउँपालिकास्तरीय कार्यशाला आयोजना गरी विस्तृत कार्ययोजना तयार गर्ने

२. बालबालिकाविरुद्ध हुने हिंसाविरुद्ध मिडियाद्वारा प्रचार प्रसार गर्ने/गराउने

३. मदिरा विक्री वितरका लागि सीमित ठाउँ तथा निश्चित समय निर्धारण गर्न सामाजिक नियम बनाई लागू गर्ने

४. टोल स्तरीय सचेतना र्‍याली तथा अन्य सचेतना कार्यक्रम सञ्चालन गर्ने

५. विपद्को परिस्थितिमा बालबालिकाको संरक्षणलाई प्राथमिकता दिने

६. बालबालिकाका लागि आत्मरक्षा तालिम सञ्चालन गर्ने ।

७. लागूपदार्थको दुरूपयोगबारे सचेतना अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने

८. हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाको पुनःस्थापना र पुनःएकीकरणका लागि आवश्यकता अनुसार बाल कोषको प्रयोग गरी मनोसामाजिक विमर्श र अन्य सहयोगी कार्यक्रम सञ्चालन गर्ने

**नीति नं. १४ समुदायमा आधारित बाल संरक्षण प्रणाली सञ्चालनमा ल्याइने ।**

**१४.१ रणनीति :**

१. बाल अधिकार समितिको नियमित बैठक बस्ने ।

२. बाल अधिकार कार्ययोजना कार्यान्वयन गर्ने ।

३. स्थानीय प्रहरीमा बालबालिका सेल स्थापना गर्ने ।

**१४.२ कार्यनीति :**

१. बाल अधिकार समितिको बैठक मासिक रूपमा नियमित रूपमा बस्ने ।

२. बाल अधिकार समिति र बालमैत्री स्थानीय शासन समितिका पदाधिकारीलाई क्षमता बिकास तालिम दिने ।

३. खुद्रा पसलेसँग अन्तरक्रिया गरी बालबालिकालाई सुर्तिजन्य पदार्थ बिक्री वितरणमा रोक लगाउने नीति बनाउने, पसलेलाई प्रतिबद्धता गराउने र सूचना टाँस गर्ने ।

४. बालअधिकार समितिबाट र बालमैत्री स्थानीय शासन समितिबाट बाल संरक्षणको अवस्थाको नियमित रूपमा अनुगमन गर्ने ।

५. जोखिममा परेका बालबालिकाहरु वा पर्न सक्ने बालबालिकाहरुको पहिचान गरी उनीहरुलाई परामर्श, मनोसामाजिक परामर्श र अभिभावक शिक्षाका लागि प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी दक्ष सहजकर्ताको परिचालन गर्ने

## बाल विकास सम्बन्धीका नीतिहरू :

**नीति नं. १५ : तीनदेखि चार वर्षसम्मका सबै बालबालिकालाई प्रारम्भिक बालविकास कक्षाको सेवा उपलब्ध गराइने**

**१५.१ रणनीति :**

१. तीनदेखि चार वर्षसम्मका बालबालिकाको संख्या अद्यावधिक भई अभिलेख राखिनेछ

२. बालविकास केन्द्रको संख्या अद्यावधिक भई अभिलेख राखेको हुनेछ

३. तीन देखि चारवर्षसम्ममा बालविकास केन्द्रमा जाने बालबालिकाको संख्या अद्यावधिक गरिने

**१५.२ कार्यनीति :**

१. तथ्यांक अद्यावधिक गर्ने

२. बालबिकास केन्द्रको अनुगमन गर्ने

३. बालविकास केन्द्रमा भर्नाको लागि अभिभावकको घरदैलो कार्यक्रम र अन्तरक्रिया गर्ने

४. बालविकासका सहयोगी कार्यकर्ताहरूलाई क्षमता विकास तालिम दिने

५. बालविकास केन्द्रहरूमा पूर्वाधार विकास गर्न आवश्यक सामग्री तथा खेलकुद सामग्री उपलब्ध गराउने ।

**नीति नं. १६ विद्यालय जाने उमेर समूहका सतप्रंतिशत बालबालिका विद्यालय भर्ना भएको हुनुपर्ने**

**१६.१ रणनीति :**

१. पाँच वर्ष उमेर समूहका बालबालिकाको संख्या अद्यावधिक अभिलेख राखिने

२. पाँच वर्ष उमेर समूहका बालबालिका कक्षा १ मा भर्ना भएको अभिलेख राखिने

३. विद्यालयमा बालमैत्री वातावरण निर्माण गर्ने

४. गाउँपालिकास्तरीय शैक्षिक रणनीति तयार गरी कार्यान्वयनमा ल्याउने

**१६.२ कार्यनीति :**

१. तथ्याङ्क अद्यावधिक गर्ने

२. प्रतिवर्ष विद्यालय भर्ना अभियान र घरदैलो कार्यक्रम सञ्चालन गर्ने

३. बालमैत्री शिक्षण गर्न तालिम सञ्चालन गर्ने

४. प्रत्येक विद्यालयलाई बालमैत्री अवस्थामा पुऱ्याउनका लागि कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउन लगाउने

५. विद्यालयले विद्यार्थी स्वागत कार्यक्रम सञ्चालन गर्ने

६. कमजोर विद्यार्थीलाई अतिरिक्त कक्षाको व्यवस्था गर्ने

७. अभिभावकलाई स्वागत सम्मान कार्यक्म सञ्चालन गर्ने

८. आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य भएकोले अभिभावकहरूलाई सो पूरा नगरेमा भविष्यमा राज्यबाट पाउने कुनैपनि सुविधा रोकिने बारेमा सचेततना कार्यक्रम सञ्चालन गर्ने

९. विद्यालय छोड्ने कारणको विश्लेषण गरी सोको निराकरणका लागि प्रत्येक विद्यालयले आफ्नो वार्षिक सुधार योजनामा कार्यक्रम समावेश गर्ने

१०. विद्यालयका संरचनाहरु बालमैत्री, लैंगिकमैत्री र अपांगतामैत्री बनाउने

९. जेहेन्दार विद्यार्थीलाई सम्मान गर्ने ।

**नीति नं. १७ प्रत्येक विद्यालयमा छात्रामैत्री शौचालयको व्यवस्था हुनेछ ।**

**१७.१ रणनीतिः**

१. हरेक विद्यालयमा छात्रामैत्री (सेनेटरी प्याडको उचित व्यवस्थापन सहितको) शौचालय बनाउने

२. लैङ्गिक विषयको समस्या सुनुवाइको व्यवस्था सबै बिद्यालयमा गर्ने ।

**१७.२ कार्यनीति :**

१. विद्यालयहरूमा छात्रामैत्री (सेनेटरी प्याडको उपलब्धता र सुरक्षित व्यवस्थापन तथा विसर्जन सहितको) संरचना भएको शौचालय निर्माण गर्ने

२. शौचालयको अवस्थाको नियमित अनुगमन गर्ने

३. छात्रालाई महिनावारी भएको बेलामा सेनेटरी प्याडको व्यवस्था गर्ने

४. बालमैत्री र लैङ्गिक सम्पर्क शिक्षक तोक्ने

५. शौचालय सरसफाइका लागि सामग्रीको व्यवस्था गर्ने ।

**नीति नं. १८ः बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकासका लागि अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने ।**

**१८.१ रणनीति :**

१. बाल सहभागितामा विद्यालयको वार्षिक कार्यतालिका बनाई विभिन्न अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने ।

२. वार्षिक अतिरिक्त क्रियाकलाप तालिकालाई विद्यालय व्यवस्थापन समितिको बैठकबाट पारित गरी विव्यस र गाउँपालिकाबाट आवश्यक सहयोग उपलब्ध गराउने

३. कार्यतालिका अनुसार अतिरिक्त क्रियाकलाप सञ्चालन गरेको रेकर्ड राख्ने

४. माध्यमिक विद्यालयसम्मका विद्यार्थीहरुमा पठनपाठनको प्रयोजन बाहेक अन्यत्र मोबाइल फोन प्रयोगलाई नियन्त्रण गर्ने ।

५. प्रविधि र शिक्षालाई जोडी विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि प्रविधिमैत्री सिकाइ पद्धति थालनी गर्ने

**१८.२ कार्यनीति :**

१. बालबालिकाको सहभागितामा बाल अधिकारमा आधारित बार्षिक अतिरिक्त क्रियाकलापको कार्यतालिका निर्माण गर्ने

२. विद्यालयको अतिरिक्त क्रियाकलाप सम्बनधी वार्षिक कार्यतालिका विव्यसबाट पास गराउने

३. अतिरिक्त क्रियाकलाप सञ्चालनको लागि विद्यालयमा कोषको स्थापना गर्ने

४. बाल पुस्तकालयको व्यवस्था गर्ने

५. प्रत्येक विद्यार्थीले दैनिक गर्ने गतिविधिको समय सारणी तयारी गर्ने

६. अतिरिक्त क्रियाकलापको अभिलेख दुरुस्त राख्ने

७. बाल भितेपत्रिका प्रकाशन तालिम सञ्चालन गर्ने

८. बाल उद्यान सहितको बालमैत्री सिकाइ श्रोत केन्द्र निर्माण, स्थापना र सञ्चालन गर्ने

९. जीवन उपयोगी सीप दिने

१०.वडा, गाउँपालिका, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुद तथा प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्ने ।

११. तोकिएको सिकाइ क्रियाकलाप बाहेक विद्यार्थीलाई कक्षाको समयमा विद्यालयमा मोबाइल फोनको प्रयोग निषेध गर्ने

## बाल सहभागिता सम्बन्धी नीतिहरू

**नीति नं. १९ : निर्णय प्रक्रियामा १२ देखि १८ वर्ष उमेरका बालबालिकाको संस्थागत सहभागिताको संयन्त्र विकास गर्ने ।**

**१९.१ रणनीति :**

१. निर्णय प्रक्रियामा संस्थागत बाल सहभागिता गराउने

२. संस्थागत सहभागिताको लागि बाल समूह तथा बाल समूह सञ्जालको विकास गर्ने

३. स्थानीय तहले सञ्चालन गर्ने योजनामा बालबालिकाको आबाज समेटिएको हुने

४. विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति र खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुमा बाल समूहको संस्थागत प्रतिनिधित्व सुनिश्चित गराउन आवश्यक कानुनी एवम् नीतिगत प्रवन्ध गर्ने

५. बालमैत्री स्थानीय शासन समिति गठन भई नियमित बैठक बस्ने

**१९.२ कार्यनीति :**

१. वडा तथा गाउँपालिकाको बैठकद्वारा बाल सहभागिता गराउने क्षेत्रहरू तोकी निर्णय गर्ने ।

२. वडा तथा गाउँपालिकाको योजना छनौट प्रक्रियामा बालबालिकाको संस्थागत रुपमा अर्थपूर्ण सहभागिता गराउने

३. प्रत्येक वडामा बाल प्रतिनिधिहरूको बार्षिक बालभेला गरी योजना तर्जुमा गर्ने

४. वडा वडामा बालभेला सम्पन्न भए पश्चात गाउँ बालभेला गरी योजना तर्जुमा र प्राथमिकीकरण गर्ने

५. बालभेलाद्वारा प्राप्त भएको योजना योजना तर्जुमा समितिले आवधिक लगानी योजनामा समावेश गरी वडा सभा तथा गाउँ सभाबाट पारित गर्ने

६. पाँच कक्षाभन्दा माथि अध्यापन हुने विद्यालय व्यवस्थापन समितिमा बाल क्लबको तर्फबाट एक जना सदस्य मनोनयन गर्ने, जसका लागि गाउँपालिकाको वर्तमान शिक्षा ऐनमा परिमार्जन गर्ने ।

७. स्वास्थ्य व्यबस्थापन समितिमा बाल समूहको प्रतिनिधित्व गराउने

८. बाल समूह तथा बाल समूह सञ्जालबाट बालबालिकाको संस्थागत आवाजको सुनवाइ गर्ने

९. वडा तथा विद्यालय स्तरका बाल समूह, बाल क्लब वा बाल सञ्जाल गाउँपालिकामा सूचीकृत गर्ने

१०. बाल समूहको सदस्यहरूको पहिचानका लागि परिचयपत्र वनाउने ।

१ञ. बालमैत्री स्थानीय शासन समिति र बाल अधिकार समितिलाई क्षमता विकासका क्रियाकलाप सञ्चालन गरी वार्षिक योजनाको कार्यान्वयनमा परिचालन गर्ने

**नीति नं. २० बाल अधिकारको क्षेत्रमा काम गर्दा समावेशिता, आदरपूर्ण भाव र समानताको नीति अवलम्बन गरिने ।**

**२०.१ रणनीति :**

१. हरेक सेवा प्रदायकले बालबालिकाप्रति सम्मानपूर्वक व्यवहार गर्ने

२. आदिवासी जनजाति, दलित, सीमान्तकृत, धार्मिक अल्पसंख्यक, पछाडि पारिएका अन्य वर्ग, अपाङ्ग बालबालिकाको अवसरमा पहुँच वृद्धि गर्ने ।

**२०.२ कार्यनीति :**

१. बाल समूह, टिन्ज क्लब, जुनियर रेडक्रस सर्कल, इको क्लब तथा बाल समूह सञ्जाल निर्माण गर्दा समावेशिताको सिद्धान्त अनुसार प्रतिनिधि छनोट गर्ने

२. बालबालिकाको बजेट विनियोजन हुँदा पछाडि पारिएका समुदायका बालबालिकाका लागि बिशेष कार्यक्रमको व्यवस्था गर्ने ।

३. बालबालिकालाई सम्बोधन गर्दा आदरार्थी शब्द प्रयोग गर्ने, सोको सुनिश्चितताका लागि आचारसंहिता तथा प्रतिवद्धतापत्र तयार गरी कार्यान्वयनमा ल्याउने

# संस्थागत विकास सम्बन्धी नीतिहरू :

**नीति नं. २१ बालबालिकाको काम वा विषयलाई प्राथमिकता दिइने ।**

**२१.१ रणनीति :**

१. हरेक काम, अवसर, छलफल र सुनुवाइमा बालबालिकालाई पहिलो प्राथमिकतामा राखिने छ

२. प्रत्येक आर्थिक वर्षको मसान्त सम्ममा गाउँपालिका र वडाहरुको भेला सम्पन्न गर्ने

३. सामाजिक विकास क्षेत्रको कूल बजेटको १० प्रतिशत रकम बालबालिकाको क्षेत्रमा विनियोजन गर्ने ।

४. योजना तर्जुमाका सात चरणमा बालबालिकाको सहभागितालाई सुनिश्चित गर्ने

**२१.२ कार्यनीति :**

१. प्रत्येक आर्थिक बर्षको लागि जेठ मसान्तभित्र वडा र असार मसान्त भित्र गाउँ सभा सम्पन्न गर्ने ।

२. सामाजिक विकास क्षेत्रको कुल बजेटको १० प्रतिशत रकम बालबालिकाको क्षेत्रमा विनियोजन गर्ने

३. बालकोषको स्थापना र कार्यविधि अनुसार व्यवस्थापन गर्ने

४. बालबालिकाको लागि बनेको कार्ययोजना वडाको योजना तर्जुमा समावेश गर्ने

५. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखालाई सवलीकरण गरी आवश्यक साधनश्रोतको व्यवस्थापन गर्ने

६. वडा तथा गाउँपालिका स्तरीय बालमैत्री सहजकर्ताको व्यवस्था गर्ने

**नीति नं. २२ बालबालिकाको हितमा काम गर्ने गरी आचार संहिताको तर्जुमा गरी लागू गर्ने**

**२२.१ रणनीति :**

१. बालबालिका, जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यालय व्यवस्थान समिति, अभिभावक, शिक्षक तथा सरोकारबालाहरूको बालमैत्री आचारसंहिता पालना गर्नुपर्ने

२. जनप्रतिनिधिको आचारसंहिता गाउँपालिकाबाट र अन्य सरकोकारबालाको आचारसंहिता सोही पक्षको सहभागितामा छलफल गरी लागू गर्ने ।

**२२.२ कार्यनीति :**

१. बालमैत्री आचार संहिता तयार भएपछि टोल, विद्यालय र अन्य लक्षित समुदायमा छलफल गर्ने, र आचारसंहिता कार्यान्वयनको प्रतिवद्धता लिने

२. बालमैत्री आचारसंहिता कार्यान्वयन अवस्थाको अनुगमन गर्ने

३. आर्थिक वर्षको अन्तिम महिनामा बालमैत्री आचारसंहिता पालनाको अवस्था, स्तर र तहको अनुगमन एवम् सर्वेक्षण गरी सोको नतिजा सार्वजनिक गर्ने

४. बालमैत्री आचारसंहिता पालनामा अनुकरणीय कार्य गर्ने व्यक्ति, निकाय, संस्थालाई विशेष अवसरमा पुरस्कृत गर्ने ।

**नीति नं २३ बालबालिकासँग सम्बन्धी एकीकृत योजना र कार्यक्रम तर्जुमा गर्ने ।**

**२३.१ रणनीति :**

१. बालबालिकाको सवालहरूलाई समेटी गाउँपालिका तहमा एकीकृत रणनीति तथा कार्यक्रम तयारी गर्ने

२. वडा र गाउँपालिकाले बालमैत्री स्थानीय शासन अबलम्बन गर्ने र घोषणापछि सोको निरन्तरताका लागि तहगत सरकारहरु, सामाजिक संघसंस्था, विकास साझेदार र अन्य सहयोगी निकायबाट रकम बिनियोजनका लागि पहल गर्ने

३. वडा र गाउँ सभाबाट बालमैत्री घोषणा गर्ने

४. एकल तथा संयुक्त अनुगमन गर्ने ।

**२३.२. कार्यनीति :**

१. वडा र गाउँपालिकाको नीति तथा कार्यक्रममा बाल भेलाबाट पारित भएका बालबालिकाको योजना समावेश गर्ने

२. वडा र गाउँपालिकाले बालमैत्री स्थानीय शासन अवलम्बन र उपलब्धीको दिगोपनका लागि आवश्यक रकम विनियोजन गर्ने

३. बालबालिकाको बस्तुगत विवरण वडा र गाउँपालिका तहमा प्रत्येक वर्ष अद्यावधिक गर्ने

४. बालबालिकाको स्थितिपत्र तयारी गरी प्रत्येक वर्ष अद्यावधिक गर्ने

५. बालबालिका रमाउने स्थल बाल उद्यानको स्थापना तथा व्यवस्था गर्ने

६. संयुक्त तथा एकल अनुगमन गर्ने ( वडा, गाउँपालिकाबाट पटक पटक)

## खण्ड चार

# गुनासो सुनवाइ संयन्त्र, संस्थागत व्यवस्था, क्षमता विकास तथा भूमिका एवम् कार्यान्वयन प्रक्रिया

### ८.गुनासो सुनुवाइ समिति

यस गाउँपालिका परिसरमा बालबालिकाले आफू कुनै कारणबस असुरक्षित अवस्थामा रहेको वा आफनो अधिकारमाथि कतैबाट प्रतिकूल व्यवहार भएको महसुस गरेमा गोप्य रूपमा उजुरी गर्नका लागि एक सुझाव पेटिकाको व्यवस्था गरिने छ। त्यसमा पीडित बालबालिका, तिनको अभिभावक वा संरक्षकले गुनासो लेखेर गोप्य रूपमा खसाल्ने व्यवस्था मिलाइने छ । साथै, गाउँपालिकाले बाल अधिकार सम्बन्धी मुद्दाहरू सम्बोधन गर्न र सुझाव पेटिकामा प्राप्त भएका गुनासो वा सुझाब सुनुवाइ गर्न एकजना सुनासो सुन्ने कर्मचारी तोकिने छ।

बाल कल्याण अधिकारीले गुनासो सम्बोधन गर्ने र उजुरी सुनुवाइको जिम्मेवारी लिनेछन्। स्थानीय बाल अधिकार समितिले गुनासो सुन्ने तथा समस्याको सम्बोधन गर्ने कार्य गर्दछन्। यस समितिको बैठक सामान्यतया तीन महिनामा एक पटक वा आवश्यकता अनुसार सोभन्दा बढी पटक बसी आएका गुनासोहरू अध्ययन गरी सम्बोधन प्रक्रिया अघि बढाउने छ।

**९ गुनासो सुनुवाइ प्रक्रिया :** गुनासो सुनवाई प्रक्रिया यस गाउँपालिकाको गुनासो सम्बोधन तथा व्यवस्थापन कार्यबिधि बमोजिम हुने छ।

**१०. संस्थागत व्यवस्था र क्षमता विकास :** बाल अधिकार सम्बन्धी नीतिको कार्यान्वयनको अवस्थाबारे सरोकारबालाहरू (स्वयम् बालबालिका समेत) सँग नियमित अन्तरक्रिया गरिनेछ।

समय समयमा बाल अधिकार संरक्षणका सवालका विषयमा छलफल कार्यक्रमहरू आयोजना गरिनेछ । यस्ता कार्यलाई निरुत्साहित गर्न बाल समूह, बाल समूह सञ्जाल, बालमैत्री स्थानीय शासन समिति, बाल अधिकार समिति तथा स्थानीय स्तरमा रहेका बाल अधिकार संरक्षण संयन्त्रलाई सक्रिय बनाइने छ। सामुदायिक तथा संस्थागत विद्यालय, मदरसा तथा बालगृह जस्ता बालबालिकासँग प्रत्यक्ष सरोकर राख्ने संस्था वा निकायमा बाल अधिकार सम्बन्धी नीति लागू गर्न तथा गुनासो सुनुवाइ गर्न गुनासो सुनुवाइ समिति सक्रिय गराइने छ भने बेलाबेलामा तालिम दिई उनीहरूको क्षमता विकास गरिने छ ।

**११. बालबालिकासम्बन्धी नीति कार्यान्वयनको प्रक्रिया :** यस गाउँपालिकाले बालबालिकासम्बन्धी नीति जारी गरी आवश्यक संयन्त्र निर्माण गरेपश्चात गाउँपालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालय, मदरसाका प्रधानाध्यापक तथा प्राचार्यहरूलाई तथा अनाथ आश्रम वा बालगृह सञ्चालकहरूलाई तालिम दिइनेछ । प्रत्येक बालबालिका तथा तिनका अभिभावकसम्म चेतना जगाउनका लागि व्यापक प्रचारप्रसार गरिने छ। त्यस्तै, स्थानीय तह, गैससबाट सञ्चालन गरिने कार्यक्रमबीच समन्वय गरी बालबालिकासम्बन्धी नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ। बालबाालिका सम्बन्धी नीतिका बारेमा बालबालिका, अभिभावक, शिक्षक, बाल समूह तथा अन्य सम्पूर्ण सरोकारबालाहरूलाई तालिम तथा अभिमुखीकरण गरिने छ। कार्यान्वयन प्रक्रियामा संलग्न हुने व्यक्ति वा संस्थालाई उसले सम्पादन गरेको कामको गुणस्तरको आधारमा सम्मान, पुरस्कार तथा दण्ड सजायको व्यवस्था गरिनेछ।

**१२ आचार संहिता बनाई लागू गरिने :** बालमैत्री गाउँपालिका बनाउने दिशामा अगाडि बढिरहेकाले अन्नपूर्ण गाउँपालिकामा रहेका सरोकारवालाहरू, बालबालिका, अभिभावक, संघ /संस्था सबैको आचरण बालमैत्री बन्न सक्नुपर्दछ भन्ने उद्देश्यबाट सबै कर्मचारी, सेवाग्राही, सरोकारबालाहरू, पाहुना र अन्य सम्वन्धितहरूका निम्ति आचार संहिता बनाई लागू गरिनेछ । आचार संहिताका मुख्य बुँदाहरू यसप्रकार रहनेछन् :

- सबै बालवालिकालाई समान ब्यवहार गरौं ।
- बालबालिकाको भनाइ वा विचारप्रति आदर र सम्मान गरौं ।
- हरेक सेवाग्राही, सरोकारबाला, कर्मचारी र पाहुनाहरूले आफूबाल शोषण र दुराचार संम्बन्धी मुद्दामा नपरेको कबोल गर्नुपर्दछ र आवश्यक परे प्रमाण पेश गर्नुपर्दछ।
- पाहुना तथा सरोकारबालाहरू कार्यक्षेत्रको भ्रमणमा जाँदा अनिवार्य रूपमा गाउँपालिकाको बालबालिकासँग सम्वन्धित समितिका प्रतिनिधिहरूको साथमा जानुपर्नेछ
- बालबालिकाको इच्छा विपरीत उनीहरूसँग कुरा गर्न पाइने छैन ।
- बालबालिकासँग एकान्त ठाउँमा, एक्लै कोठामा बस्न पाइने छैन। कुनै कारणबस घरबाहिर लानु परे सुरक्षाको व्यवस्था सहित अभिभावकको स्वीकृति अनिवार्य रुपमा लिनुपर्दछ।

- तस्बीरहरू लिनुअघि बालबालिका र अभिभावक वा संरक्षकसँग अनुमति लिनु पर्नेछ ।
- बालबालिकासँग कुनै पनि किसिमको शारीरिक सम्बध राख्न पाइनेछैन । यौनजन्य क्रियाकलापहरूलाई प्रोत्साहन दिने वा झल्काउने कुनै पनि किसिमका सामग्रीहरू सन्देशका रुरूपमा पठाउन वा दिन पाइनेछैन । साथै, अश्लील र यौनजन्य भाव झल्काउने शब्दहरूको प्रयोग समेत गर्न पाइनेछैन ।
- समुदायलाई स्वीकार्य हुने भेषभुषा मात्र लगाउनु पर्नेछ ।
- बालबालिकालाई कुटपिट गर्नुतथा शारीरिक यातना दिन पाइने छैन ।
- बालबालिकाले जस्तो कार्य वा ब्यवहार गरेपनि उनीहरूसँग बालमैत्री ब्यवहार गर्नु सबैको जिम्मेवारी रहनेछ ।

## खण्ड पाँच

# अनुगमन र पुनरावलोकन

### १२. अनुगमन र मूल्याङ्कन

अन्नपूर्ण गाउँपालिकाको बालबालिकासम्बन्धी नीति कार्यान्वयनको अवस्थाको अनुगमन गाउँ कार्यपालिकाद्वारा गठित अनुगमन समितिले गर्नेछ । बालबालिकासम्बन्धी नीति कार्यान्वयनको जिम्मा स्थानीय बाल अधिकार समितिको हुनेछ । बाल अधिकार समितिले आवश्यक ठानेमा छुट्टै अनुगमन तथा मूल्यांकन समिति बनाई त्यस समितिमार्फत बाल अधिकारसम्बनधी नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ । बालअधिकार समितिबाट वार्षिक रूपमा जिल्ला तथा प्रदेशस्तरको बालअधिकार समितिमा प्रतिवेदन पेश हुनेछ । उक्त प्रतिवेदनमा बाल अधिकारका विषयहरूमा स्थानीय व्यवस्थापिका, कार्यपालिका तथा बालअधिकार समितिमार्फत भएका कार्यहरू, न्यायिक समितिमा आएका बालबालिकासँग सम्बन्धित उजुरी, त्यसउपर भएको निर्णय र कार्यान्वयनको स्थिति समेत समावेश गरिनेछ ।

### १३.पुनरावलोकन र सुधार

यस बालबालिकासम्बन्धी नीतिलाई कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपयोगिताको आधारमा आवश्यक महसुस भएमा अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाले कुनै पनि समय पुनरावलोकन तथा सुधार गर्न सक्नेछ । बालबालिकासम्बन्धी नीति कार्यान्वयनका सवालमा सम्बन्धित सरोकारवालाहरूबाट आएका सुझाव, गुनासाहरूलाई समेत मूल्याङ्कनमा समावेश गरिनेछ । यसरी प्राप्त सुझाव सल्लाहका आधारमा नीतिमा समय सान्दर्भिक परिमार्जन तथा संशोधन गरिनेछ । संशोधित बालबालिकासम्बन्धी नीति गाउँ कार्यपालिकाको बैठकले अनुमोदन गरेपछि मात्र लागू हुनेछ ।

### १४. खारेजी र बचाउ

बालबालिकासम्बन्धी परिमार्जित नीति लागू भएपछि साविकमा रहेका बालबाालिका सम्बन्धी नीति स्वतः खारेज हुनेछन्। तर, साविक बालबालिकासम्बन्धी नीतिका आधारमा गरिएका कार्यहरू भने परिमार्जित बालबालिकासम्बन्धी नीतिकै आधारमा भए/गरेको मानिनेछ।

राजपत्रमा प्रकाशित मितिः २०८०।०८।२८

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत